# कमाण्डर राष्ट्रिय दैनिकमा प्रकाशित

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
महालक्ष्मी नगरपालिका कार्यालय
ललितपुरको

**होडिङ्ग बोर्ड, साइन बोर्ड, ग्लो बोर्ड, स्टल, भित्ते लेखन, ब्यानर आदी मा बिज्ञापन कर असुल गर्ने सम्बन्धी**
**सिलबन्दी बोलपत्र आब्हानको सार्वजनिक सूचना**
**दोस्रो पटक प्रकाशित मिति २०७३/१०/०८ गते शनिवार**

यस महालक्ष्मी नगरपालिका कार्यालय, ललितपुरवाट आर्थिक वर्ष ०७३/७४ को ठेक्का अवधी २०७३ संझौता भए देखी २०७४ आषाढ मसान्तसम्म अवधिको लागि स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १४३ वमोजिम महालक्ष्मी नगरपालिका कार्यालय, ललितपुर क्षेत्रमा राखेको उल्लिखित वस्तुहरूमा कर सङ्कलन गर्न ठेक्काबन्दोबस्त गर्नका लागि मिति २०७३ मंसीर ०२ गते कारोवार राष्ट्रिय दैनिकमा प्रथम पटक १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा तोकिएको मिति स्थान र समयमा कुनै पनि ब्यक्ति फर्महरुवाट सिलबन्दी दाखिला नगरीएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावाली,२०६४ को दफा १६७ {४} {ज} वमोजिम ७ दिने यो सूचना प्रकाशित गरिएको छ। प्रचलित नेपाल कानून बमोजिम दर्ता भई प्रमाणपत्र लिएका इच्छुक ब्यक्ति,ठेकेदार/फर्म, नेपाली नागरिक वा विदेशी नागरिक समेतले सिलबन्दी बोलपत्र सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र खरिद गरी उल्लिखित आधारमा कबुल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा खुलाई आफैं वा आफ्नो प्रतिनिधिद्वारा ८ औं दिनको १२:०० बजेसम्म सिलबन्दी बोलपत्र यस कार्यालयमा दाखिला गर्नु पर्नेछ । दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरू सोही दिनको २:०० बजे यस कार्यालयमा खोलिनेछ । बोलपत्र दाखिला गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट तोकिएकै समयमा हुनेछ । बोलपत्रको साथमा ठेक्का कबुल अङ्कको ३% (गैर नेपाली नागरिक भए १०%) ले हुन आउने रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बैङ्कले जारी गरेको सूचनामा पचहत्तर दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न राख्नुपर्नेछ । न्यूनतम ठेक अंक भ्याट वाहेक रु २ लाख रहेको र टेण्डर फारम दस्तुर रु ३ सय तोकिएकोछ । उल्लिखित ठेक्काका कर/दस्तुरका दररेट र शर्तहरू बोलपत्र फाराममा संलग्न गरिनुका साथै सूचना पाटी तथा वेवसाइट (www.mahalaxmimun..gov.np) मा समेत टाँस गरिनेछ । बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने लगायतका ठेक्का सम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार यस कार्यालयसँग सुरक्षित रहनेछ।

प्रमुख एंव कार्यकारी अधिकृत